# लैङ्गिक हिंसासम्बन्धी अवधारणा




लिङ्गमा आधारित हिंसाले त्यस्ता सम्पूर्ण हिंसाजन्य कार्यहरूलाई बुझाउँछ जुन कुनै पनि व्यक्तिलाई लैङ्गिक विभेदकारी सामाजिक मूल्य मान्यताका आधारमा गरिएको हुन्छ । यस्तो हिंसाभित्र शारीरिक, मानसिक, यौनिकरूपले पीडा दिने वा पीडा पुऱ्याउने खालको व्यवहारहरु हुन्छ । त्यस्ता कार्य गर्ने भनी डर, त्रास दिने, धम्काउने व्यवहारहरूको साथै आधारभूत स्वतन्त्रताको खण्डित गर्ने सम्मको कार्यहरु समेटेको हुन्छ । विशेष गरी लैङ्गिक हिंसा पितृसत्तात्मक सामाजिक संरचनाको उपजको रूपमा रहेको छ ।

लैङ्गिक हिंसा मानव जीवन चक्रको हरेक तह र श्रृंखलामा देखा पर्दछ । यस प्रकारको हिंसा समाजको बनावट, संस्कृति र सामाजिक विकासको पृष्ठभूमिले फरक फरक मात्रा वा स्वरूपमा देखा पर्न सक्दछ । लैङ्गिक हिंसाका स्वरूपहरु फरक फरक रहेता पनि समग्रमा यसले व्यक्तिको समानता र विकासलाई असर पुऱ्याउँदछ ।

# लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी संवैधानिक व्यवस्थाहरू

## संविधान



संविधान देशको मूल कानुन हो । यसले नागरिकका विविध अधिकारहरूको सुनिश्चित गर्नुका साथै राज्य प्रणालीको सञ्चालनसम्बन्धी व्यवस्था गरेको हुन्छ । यसका अलावा संविधानले गलत मानवीय क्रियाकलापहरूलाई सजायको भागिदार बनाउने वैधानिक आधार प्रदान गरेको हुन्छ र अधिकारको उल्लंघन भएको अवस्थामा संवैधानिक उपचारको व्यवस्था समेत गरेको हुन्छ ।

नेपालको अन्तरिम संविधानमा लैङ्गिक हिंसालाई सम्बोधन गर्ने सम्बन्धमा विभिन्न व्यवस्था रहेका छन् । साथै संविधानमा नै महिला विरूद्धका कुनै प्रकारका हिंसालाई कानुनद्वारा दण्डनिय हुने स्पष्ट व्यवस्था गरेको छ । त्यसै गरी हिंसाविरूद्धको हकलाई मौलिक हकको रूपमा मान्यता दिएको छ ।

- कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ ।
- प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन ।

## ✦ उपचारको व्यवस्था

- संविधानद्वारा प्रदत्त मौलिक हकविरूद्ध बनेका वा मौलिक हकलाई संकुचित पार्ने गरी बनेका कानुनहरूको न्यायिक पुनरावलोकनका लागि सर्वोच्च अदालतमा निवेदन दिन सकिन्छ ।
- व्यक्तिको अधिकारहरूको उल्लंघन भएको अवस्थामा उपचारको लागि सर्वोच्च अदालतमा रिट निवेदन दिन सकिन्छ ।

## ✦ हदम्याद

रिट निवेदन दिनको लागि सामान्यतयाः हदम्यादको व्यवस्था गरिएको हुँदैन तर मर्का पर्ने व्यक्तिले समयमा नै उपचारको खोजी गर्नु पर्दछ भन्ने मान्यता रहेको हुन्छ ।

# जर्बजस्ती करणी

*कसैले कुनै महिलालाई निजको मञ्जूरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जूरी लिई वा नलिई करणी गरेमा निजले जबर्जस्ती करणीको अपराध गरेको मानिन्छ ।*



## ✦ उजुरी लाग्ने निकाय

जबरजस्ती करणी अपराधको जाहेरी प्रहरी कार्यलयमा दिनु पर्दछ । जबर्जस्ती करणीको मुद्दाको शुरू कारवाही जिल्ला अदालतमा हुन्छ ।

## ✦ हदम्याद

जर्बजस्ती करणीको कुरामा सो भए गरेको मितिले पैंतिस दिनभित्र नालिस दिनु पर्दछ ।

## ✦ सजाय

| पीडितको उमेर | सजाय |
|---|---|
| दश वर्षभन्दा मुनिकी बालिका भए | दशदेखि पन्ध्र वर्षसम्म, |
| दश वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए | आठदेखि बाह्र वर्षसम्म, |
| चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए | छ वर्षदेखि दश वर्षसम्म, |
| सोह्र वर्ष वा सोभन्दा बढी बीस वर्षभन्दा कम उमेरकी महिला भए | पाँच वर्षदेखि आठ वर्षसम्म |
| बीस वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए | पाँचदेखि सात वर्षसम्म, |
| लोग्नेले स्वास्नीलाई जर्बजस्ती करणी गरेमा | तीन महिनादेखि छ महिनासम्म, |

- आफ्ना जात वा कूलमा चलिआएको चलन अनुसार विवाह वा करणी गर्न हुने नाता सम्बन्धमा बाहेक विवाह वा करणी भएकोमा हाडनाता कसुर हुने व्यवस्था छ ।
- हाडनाताकी स्वास्नीमानिसको जबर्जस्ती करणी गरेमा यस महल बमोजिमको सजायमा हाडनातामा करणी गर्नेको महलमा लेखिएको सजाय समेत थपी सजाय हुन्छ ।
- जन्मकैदको सजाय पाउनेमा भने जबर्जस्ती करणी वापतको सजाय थप हुँदैन ।

*(क्रमश)*

- महिलालाई सामुहिक रूपमा जबर्जस्ती करणी गर्ने वा गर्भवती, असक्त वा अपाङ्ग महिलालाई जवर्जस्ती करणी गर्नेलाई जबर्जस्ती करणीको सजायमा थप पाँच वर्ष कैद गर्नु हुन्छ ।
- आफूलाई मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) को रोग भएको थाहा पाउँदा पाउँदै कसैले जबर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई थप एक वर्ष कैद सजाय हुन्छ ।
- जबर्जस्ती करणी गर्ने उद्योग मात्र गरेको रहेछ भने जबर्जस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ ।
- अह्राई जबर्जस्ती करणी गर्न लगाएको भए सो अह्राउनेलाई करणी भैसकेकोमा करणी गर्नेलाई हुने सजायको र करणी हुन नपाएको उद्योगसम्म गरेको भए उद्योग गर्नेलाई हुने सजायको आधा सजाय गर्नुपर्छ ।

## आत्मरक्षा गर्दा जुलुमीको (कसुरदारको) मृत्यु भएमा

आफूलाई जबर्जस्ती करणी गर्ने मनसाय लिई उद्योग गरी हातपात, छेकथुन, बाँध छाँद इत्यादि जोरजुलुम गर्न लाग्यो र त्यसबखत कराई गुहार मागी वा अरू केही उद्योग गरी त्यस्तो जुल्मीको पञ्जाबाट उम्की भागी नसक्ने अवस्थामा करणी भई सकेपछि वा पहिलेनै उसै बखत करणी लिएकै थलामा वा त्यहीदेखि लपेट्दै गई एक घण्टाभित्र हतियार, लाठो, ढुङ्गा इत्यादि केही चलाई ज्यान मर्न गएको ठहरे कसुर गरेको मानिंदैन । एक घण्टा उप्रान्त मारेमा पाँचहजार रूपैयाँसम्म जरिवाना वा दश वर्षसम्म कैद हुन्छ ।

## क्षतिपूर्ति

- जबर्जस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षतिको विचार गरी मनासिव ठहराए बमोजिमको क्षतिपूर्ति कसूरदारबाट भराई दिनु पर्नेछ ।
- पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडा समेत विचार गरी निर्धारण गर्नु पर्नेछ ।

# मानव बेचबिखन र ओसारपसार



| मानव बेचबिखन | मानव ओसारपसार |
|---|---|
| ✧ कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,<br>✧ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,<br>✧ प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,<br>✧ वेश्यागमन गर्ने । | ✧ किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,<br>✧ वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने । |

## ✦ उजुरी लाग्ने निकाय

मानव बेचविखन तथा ओसार पसारसँग सम्बन्धित अपराधको जाहेरी प्रहरी कार्यलयमा दिनु पर्दछ । मानव बेचबिखन तथा ओसारपसार मुद्दाको सुरू कारवाही जिल्ला अदालतमा हुन्छ ।

## ✦ सजाय

- ✧ मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुन्छ ।
- ✧ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।
- ✧ प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।
- ✧ वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।

*(क्रमश)*

- विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुईलाख रूपैयाँसम्म जरिवाना हुन्छ ।
- नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना हुन्छ ।
- शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद हुन्छ ।
- किन्ने वा बेच्ने व्यक्ति, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए बापत छुट्टाछुट्टै सजाय हुन्छ ।
- लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रका एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाइ लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगे बापत छुट्टाछुट्टै सजाय हुन्छ ।
- कसूर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा कसूर गरे बापत हुने सजायको अतिरिक्त पच्चीस प्रतिशत थप सजाय हुन्छ ।
- आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐनको हाडनाता करणीको महल बमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा मानव बेचबिखन वा ओसार पसारको कसुर गरेमा दश प्रतिशत थप सजाय हुन्छ ।
- पटके कसूरदारलाई प्रत्येक पटक सो कसुरमा हुने सजायको एक चौथाई थप सजाय हुन्छ ।

## क्षतिपूर्ति

- अदालतले कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ ।
- क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्ता रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ ।
- क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबुआमा नभएमा त्यस्तो रकम पुनर्स्थापन कोषमा जम्मा गर्नु पर्छ ।

# बहुविवाह

देहायका अवस्थामा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानून बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्की स्वास्नी राख्न हुँदैन ।



- स्वास्नीलाई यौनसम्बन्धी कुनै सरूवा रोग भई निको नहुने भएमा
- स्वास्नी निको नहुने गरी बौलाएमा
- स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने नेपाल सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा
- स्वास्नी हिंडडुल गर्न नसक्ने गरी कुँजी भएमा
- स्वास्नी दुवै आँखा नदेख्ने अन्धी भएमा
- अंशबण्डाको महलको १० नम्बर बमोजिम स्वास्नीले अंश लिई भिन्न बसेमा
- विवाह गर्दा स्वास्नी निको नहुने गरी बौलाएको र अंश लिइ भिन्न बसेकोमा बाहेक अन्य अवस्थामा स्वास्नीको सहमति लिनु पर्ने व्यवस्था गरेको छ ।

## उजुरी गर्ने निकाय

बहुविवाहको जाहेरी प्रहरी कार्यालयमा दिनुपर्दछ । बहुविवाह मुद्दाको सुरू कारवाही जिल्ला अदालतमा हुन्छ ।

## हदम्याद

बहुविवाहमा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस दिनु पर्दछ ।

## बहुविवाहमा हुने सजाय

- कसैले बहुविबाह गरेमा वा स्वास्नी राखेमा निजलाई एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।
- स्वास्नीमानिसले जानी जानी त्यस्तो विवाह गरेमा वा स्वास्नी भई बसेमा निजलाई पनि सोही बमोजिम सजाय हुन्छ ।

# बालविवाह



विहावरी गर्दा महिला र पुरूषको उमेर संरक्षकको मन्जुरी भए अठार वर्ष र संरक्षकको मन्जुरी नभए बीस वर्ष नपुगी विहावरी गर्न गराउन हुँदैन । विवाह गरे गराएमा सो गर्ने गराउनेमध्ये उमेर पुगेका मुख्यलाई सजाय हुन्छ । लोग्ने मानिस वा स्वास्नी मानिसमध्ये कसैको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेको रहेनछ भने अठार वर्ष उमेर पुगेपछि मन्जुरी नगरे उक्त विवाह बदर गर्न पाउँछ ।

### ✦ उजुरी गर्ने निकाय

बालविवाहको जाहेरी प्रहरी कार्यालयमा दिनु पर्दछ । बालविवाह मुद्दाको सुरू कारवाही जिल्ला अदालतमा हुन्छ ।

### ✦ हदम्याद

बालविवाहमा थाहा पाएको मितिले ३ महिनाभित्र उजुरी गर्नु पर्दछ ।

### ✦ सजाय

| विवाह गर्दाको उमेर | सजाय |
|---|---|
| दश वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने | छ महिनादेखि तीन वर्षसम्म कैद र एक हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिवाना |
| दश वर्ष देखि माथि चौध वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने | तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रूपैयाँसम्म जरिवाना |
| चौध वर्षदेखि माथि अठार वर्ष नपुगेकी स्वास्नी मानिसको विवाह गरे गराएको रहेछ भने | छ महिनासम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय |
| बीस वर्ष उमेर नपुगेको स्वास्नी मानिस वा लोग्ने मानिसको विवाह गरे गराएको रहेछ भने | छ महिनासम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय |
| ऐनले विवाह गर्न पाउने हदभित्रको हो भनी ढाँटी विवाह गरे गरिदिएको नजानी विवाह गर्ने गराउनेलाई | सजाय हुँदैन |
| विवाह गर्न गराउन नहुनेमा जानी जानी विवाहको काम गर्ने पुरोहित, लमी र अरू मद्दतीहरूमध्ये उमेर पुगेकोलाई | एक महिनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना |
| विवाह भई नसकेको रीत दस्तुर पुऱ्याई छिनीसम्म सकेको रहेछ भने सो कुरा छिन्ने मुख्यलाई | पाँच सय रूपैयाँसम्म जरिवाना गरी छिनी सकेको कुरा बदर हुन्छ |

# घरेलु हिंसा

*घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ ।*



### ■ उजूरी गर्ने निकाय

घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जोसुकै व्यक्तिले प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय समक्ष लिखित वा मौखिक उजुरी दिन सक्छ । पीडितले चाहेमा सिधै अदालतमा उजुरी दिन सक्ने व्यवस्था छ ।

### ✦ हदम्याद

घरेलु हिंसाको कसूरमा भए गरेको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्दछ ।

### ✦ सजाय

- घरेलु हिंसा गर्ने व्यक्तिलाई तीन हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।
- घरेलु हिंसाको उद्योग वा दुरूत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।
- घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।
- सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुनेछ ।
- कसैले दफा ६ बमोजिम अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रूपैयाँदेखि पन्ध्र हजार रूपैयाँसम्म जरिवाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

### ✦ क्षतिपूर्ति

पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मनासिब क्षतिपूर्ति भराइदिन सक्नेछ ।

# ढाँटी विवाह तथा जबरजस्ती विवाह



- वक्क लाटो, महारोगी, लुलो, कुँजो, दुवै आँखाको अन्धो, लिङ्ग नभएको नपुंसक, हात गोडा भाँची बेकम्मा भएको, बौलाहा वा छारे रोग भएको लोग्ने मानिसलाई सद्दे छ भनी ढाँटी विवाह भएकोमा स्वास्नी मानिसले मन्जूर नगरे सो विवाद बदर हुन्छ ।
- वक्क लाटी, महारोगी, लुली, कुँजी दुवै आँखाकी अन्धी, योनीहीन भएकी, हात गोडा भाँची बेकम्मा भएकी, बौलाएकी वा छारे रोग भएकी स्वास्नी मानिसलाई सद्दे छ भनी ढाँटी विवाह भएकोमा लोग्ने मानिसले मन्जूर नगरे विवाह बदर हुन्छ ।
- सधवा, बिधवा वा सम्बन्ध विच्छेद भइसकेकी स्वास्नी मानिसलाई कन्या हो भनी वा विवाहित, बिदूर वा सम्बन्ध विच्छेद भइसकेको लोग्ने मानिसलाई विवाह भएको थिएन भनी ढाँटी विवाह भएकोमा त्यसरी झुक्यानमा पारी विवाह गर्नेले मञ्जुर नगरे विवाह बदर हुन्छ ।

## उजुरी गर्ने निकाय

ढाँटी वा जबरजस्ती विवाह बदरको लागि जिल्ला अदालतमा फिराद दिनुपर्दछ ।

## हदम्याद

जबरजस्ती विवाहमा भएको गरेको मितिले ३ महिनाभित्र र ढाँटी विवाहमा थाहा पाएको मितिले ३ महिना ।

## सजाय

- ढाँटी विवाह गर्ने गरी दिनेलाई पाँचसय रूपैयाँसम्म जरिवाना हुन्छ ।
- बिना मन्जूरी जवरजस्ती विवाह गरे गरिदिए बदर हुन्छ । त्यस्तो विवाह गर्ने गरिदिनेलाई दुई वर्षसम्म कैद हुनेछ ।

## क्षतिपूर्ति

- सधवा, विधवा वा विवाह भइसकेकी महिलालाई कन्या हो भनी र विवाहित, विदुर वा सम्बन्ध विच्छेद भइसकेको लोग्नेलाई विवाह भएको थिएन भनी ढाँटी विवाह गर्ने गराउने मुख्यमध्ये उमेर पुगेकोलाई दश हजार रूपैयाँसम्म जरिवाना गरी त्यसरी झुक्यानमा पर्नेलाई दिलाई दिनु पर्छ ।

# खान लाउन नदिने वा घरबाट निकाल्ने




✦ **खाना लगाउन नदिएमा वा छोडी बसेमा (महिलाले सम्बन्ध विच्छेद गर्न सक्ने)**

- लोग्नेले अरू स्वास्नी ल्याएमा वा राखेमा वा,
- स्वास्नीलाई घरबाट निकालेमा वा,
- खान लाउन नदिएमा वा स्वास्नीको खोज खबर नलिई हेर विचार नराखी लगातार तीन वर्ष वा सो भन्दा बढी समयदेखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा वा,
- स्वास्नीको ज्यान जाने, अङ्‌भङ्ग हुने वा,
- अरू कुनै ठुलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा वा,
- लोग्ने नपुंसक हुन गएमा वा लोग्नेलाई निको नहुने यौन सम्बन्धी कुनै रोग लागेमा वा,
- लोग्नेले परस्त्रीसँग करणी गरेको ठहरेमा स्वास्नीले (महिलाले) सम्बन्ध बिच्छेद गर्न पाउने कानुनी व्यावस्था रहेको छ ।

## नाबालक सन्तानको पालन पोषणसम्बन्धी व्यवस्था

- नाबालक सन्तानलाई आमाले आफै पाल्न चाहेमा निजले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्दछ ।
- आमाले पाल्दा बाबुले आफ्नो इज्जत आमद अनुसार नाबालकलाई खान, लाउन, शिक्षा र औषधी उपचार समेतको मनासिव खर्च दिनु पर्ने कानुनी व्यवस्था छ ।
- आमाले नपाली बाबुले त्यस्तो नाबालक पालेको रहेछ र बाबुभन्दा आमाको आयस्ता बढी रहेछ भने अड्डाले अवस्था विचार गरी आदेशद्वारा तोकिदिए बमोजिम त्यस्तो स्वास्नी मानिसले पनि नाबालकको खान, खाउन, शिक्षा र औषधी उपचारको खर्च व्यहोर्नु पर्ने व्यवस्था रहेको छ ।

✦ **उजुरी गर्ने निकाय**

- दुवैको मन्जुरीले सम्बन्ध विच्छेद गर्न चाहेमा दुवैले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा निवेदन दिनु पर्ने व्यवस्था छ ।
- महिलाले सम्बन्ध विच्छेदको उजुरी सम्बन्धित जिल्ला अदालतमा दिन सक्छिन् भने पुरूषले दिनु पर्दा स्थानिय निकायमा दिनुपर्ने व्यवस्था रहेको छ ।

✦ **हदम्याद**

- सम्बन्ध बिच्छेदको उजुरी जहिलेसुकै दिन सकिन्छ ।

# लोग्ने तथा सासु ससुराबाट हुने हिंसा



## ✦ खान लाउन नदिएमा अंश पाउने

- ✧ सासु ससुरा समेतले वा लोग्नेले मात्र खान लाउन नदिई घरबाट निकाला गरेको वा,
- ✧ बराबर कुटपीट गरी दुःख दिने गरेको वा लोग्नेले अरू स्वास्नी ल्याए वा राखेकोमा त्यस्ती स्वास्नीले लोग्नेको अंशबाट आफ्नो अंश छुट्याई लिन पाउने कानुनी व्यवस्था रहेको छ ।

## ✦ लोग्नेबाट मानाचामल प्राप्त गर्न सक्ने

सम्बन्ध विच्छेद हुने स्वास्नी मानिसले अंश नलिई लोग्नेसँग वार्षिक वा मासिक खर्च भराई लिन पाउँछिन । लोग्नेले त्यस्तो खर्च त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेसम्म मात्र पाउने व्यवस्था छ ।

## ✦ महिलाको दाइजो पेवा मासेमा हुने

स्वास्नीको दाइजो एकाघरसँग बसेकाको मन्जूरीको लिखत अनुसार दाइजो पेवा मासेको भएमा अंशको हकदार सोह्र वर्ष नाघेका सबैका अंशियारहरूको गोश्वारा धनबाट भर्ना हुन सक्छ । रीत नपुऱ्याई मासे दिएकोमा अरू अंशियारहरूको मन्जूरी नभएमा अंशियारहरूले बेहोर्न र गोश्वाराका धनबाट भर्ना हुन सक्दैन ।

## ✦ उजुरी लाग्ने निकाय

- ✧ दाईजो पेवा मासेको, मानाचामाल भराउने लगायतका विवादहरूको संबन्धमा जिल्ला अदालतमा दिनु पर्दछ ।

## ✦ हदम्याद

- ✧ भए गरेका मितिले १ बर्षभित्र नालिस दिनु पर्दछ ।
- ✧ अंशको हकमा जहिलेसकै उजुरी दिन सकिन्छ ।

# दाइजो/तिलक सम्बन्धी हिंसा

## ✦ तिलक लिन दिन नहुने

विवाह हुँदा तिलक लिन दिन हुँदैन ।

## ✦ दुलही पक्षले लिन नहुने

- ✧ छोरीबेटीको विवाह गरी दिंदा आफ्नो लागि कुनै नगदी जिन्सी लिन हुँदैन ।
- ✧ विवाह हुने छोरीबेटीको लागि दुलहा पक्षले यति गहना, कपडा, नगद-जिन्सी वा जेथा दिनुपर्छ भनी कर लगाउन हुँदैन ।

## दाइजोमा नियन्त्रण

- ✧ विवाह हुँदा वा विवाह पछि यति नगद जिन्सी दाइजो, दान, बकस, भेटी, विदाई उपहार दिनुपर्छ भनी दुलहा पक्षले कर लगाउन वा,
- ✧ यति लिने दिने भनी दुवै पक्षले अगावै तय गर्न हुँदैन वा,
- ✧ दाइजो दिएन भनी दुलहा पक्षले टण्टा गर्न वा,
- ✧ विवाह गर्न इन्कार गर्न वा,
- ✧ विवाह भइसकेको भए दुलही विदाई गराई साथ नलग्न वा,
- ✧ दुलही पछि मात्र विदाई गराई लग्ने प्रथा भएकाहरूले पछि विदाई गराई लग्न इन्कार गर्न हुँदैन ।

## ✦ उजुरी लाग्ने निकाय

सामाजिक व्यवहार (सुधार) ऐन अन्तर्गतका दाइजो/तिलकसम्बन्धी उजुरी जिल्ला अदालतमा लाग्छ ।




## ✦ हदम्याद

भए गरेको मितिले पैंतिस दिनभित्र उजुरी गर्नुपर्दछ ।

## ✦ सजाय

- ✧ तिलक लिए/दिएमा बिगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा तीस दिनसम्म कैद वा दुवै सजाय हुन्छ ।
- ✧ छोरीबेटीको विवाह गर्दा नगदी जिन्सी लिएमा बिगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन्छ । दिनेलाई त्यसको आधासम्म सजाय हुनेछ ।
- ✧ दुलाहा पक्षले विवाह हुँदा यति गरगहना भनी कर गर्न हुँदैन । गरेमा दश हजार रूपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद हुन्छ ।

# आगो लगाउने वा तेजाबले पोलेमा



आगो, आगो समान पोल्ने गराइएका बस्तु वा तेजाब इत्यादिले पोल्न हुँदैन । यस्तो कार्य दण्डनीय हुन्छ ।

### ✦ उजुरी गर्ने निकाय

आगो, आगो समान पोल्ने गराइएका बस्तु वा तेजाब इत्यादिले पोली अङ्गभङ्गसमेत भएको मुद्दाको जाहेरी जिल्ला प्रहरी कार्यालयमा दिनुपर्दछ । यस अन्तर्गतको मुद्दाको सुरु कारवाही जिल्ला अदालतमा हुन्छ ।

### ✦ हदम्याद

अङ्गभङ्ग भएकोमा तीन महिनाभित्र र सो बाहेक अरू गैह्र कुरामा भए सो भएका पैंतीस दिनभित्र नालिस दिनु पर्दछ ।

### ✦ सजाय

- आगो, आगो समान पोल्ने गराइएका वस्तु वा तेजाब इत्यादिले पोली, डामी, दली, घसी इत्यादी-गैह्र कुरा गरी जीउमा पीडा गराउनेलाई अङ्गभङ्ग कुरूप भएको रहेनछ भने आङ, मुख, कानमा पोलेको भए पाँचसय रूपैयाँ जरिवाना र दुई महीना कैद,
- नाक, आँखामा भए एकहजार रूपैयाँ जरिवाना र चार महिना कैद, गुदद्वारमा भए दुईहजार रूपैयाँ जरिवाना र आठ महीना कैद,
- लिङ्गमा भए चार हजार रूपैयाँ जरिवाना र एक वर्ष चार महिना कैद, भगमा भए आठ हजार रूपैयाँ जरिवाना र दुई वर्ष आठ महिना कैद गर्नुपर्छ ।
- लेखिएदेखि बाहेक अरू पोल्ने वस्तु गैह्रले पीडा गर्ने गरी पोली, डामी, दली, घसी दिनेलाई लेखिएका सजायको आधा सजाय गर्नुपर्छ । विषको धुँवा दिने वा बेहोस हुने कुरा सुँघाउनेलाई एकहजार रूपैयाँ जरिवाना र दुई महिना कैद गर्नुपर्छ ।

# कुटपिट

*कसैले कसैलाई हातहतियार उठाई वा अरू कुनै प्रकारले रगत पच्छे वा चोट अंगभंग पारेमा वा जिउमा अरू पिडा नोक्सान हुने काम गरेमा कुटपिट गरेको ठहर्छ ।*

कुटपीट गर्दा देहाय बमोजिम भएमा अङ्गभङ्गको खत ठहर्छ –



- आँखाको हेर्ने शक्ति हीन गरी वा आँखा फोरी अन्धो गरिदिएमा
- नाकको सुंघ्ने शक्ति हरण गरिदिएमा
- कानको सुन्ने शक्ति हरण गरी बहिरो गरिदिएमा
- जिब्रोको बोल्ने शक्ति हरण गरिदिएमा
- स्वास्नीमानिसको दूध काटी बेकम्मा गरिदिएमा
- नल फलको पुरूषत्व शक्ति हिनगरी नपुंसक गरिदिएमा
- मेरूदण्ड डँडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी भाँची फोरी फुकाली बेकम्मा पारिदिएमा ।

## उजुरी गर्ने निकाय

- अङ्गभङ्ग हुने गरी कुटपिट गरेमा प्रहरी कार्यालयमा जाहेरी दिनुपर्दछ । कुटपिट मुद्दाको सुरू कारवाही जिल्ला अदालतमा हुन्छ ।

## हदम्याद

- भए गरेको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्दछ ।

## सजाय

- अङ्गभङ्गको खत मध्ये अन्धो र नपुंसक यी दुई खतमा जुनसुकै एक खत गरेपनि सो गर्नेलाई दश हजार रूपैयाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ ।
- सो दुई खत बाहेक अङ्गभङ्गको अरू खतमध्ये जुनसुकै एक खत गरे पनि सो गर्नेलाई पाँचहजार रूपैयाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ ।
- एउटै किसिमको काम लिने एउटाभन्दा बढी अङ्ग हुनेमा सो मध्ये एउटा अङ्ग मात्र बेकम्मा पारी दिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नुपर्छ ।
- सो खत निको भई काम लाग्ने भएमा भने दुई वर्ष मात्र कैद गर्नुपर्छ ।
- जरिवानाको रूपैयाँ तिर्‍यो भने सो जम्मै रूपैयाँ र तिरेन भने कसूरदारका अंशको मात्र सम्पत्ति जायजात लिलाम बिक्री गरी उपर भए जति रूपैयाँ घा खर्च वापत घा खत लाग्ने मानिसलाई भराई दिनुपर्छ । उपर नभएको जरिवानाको रूपैयाँ जतिमा एक दिनको पच्चीस रूपैयाँका दरले कैद गर्नुपर्छ ।

# बलपूर्वक गर्भपतन/लिङ्गको आधारमा गर्भपतन



महिलाको स्वतन्त्र सहमती र कानुनले निर्धारण गरेको अवस्थामा बाहेक बलपूर्वकको गर्भपतन महिलाविरूद्धको हिंसा हो ।

### ✦ उजुरी गर्ने निकाय

गर्भपतन सम्बन्धी कसुरको जाहेरी प्रहरी कार्यलयमा दिनु पर्दछ । यस अन्तर्गतको मुद्दाको सुरू कारवाही जिल्ला अदालतमा हुन्छ ।

### ✦ हदम्याद

कसूरदार आफै मुख सावित भई त्यसैबाट उठेको मुद्दामा बाहेक गर्भ तुहायो भन्ने कुरामा सो तुहाएको ३ महिनाभित्र नालिस दिनुपर्दछ ।

### ✦ सजाय

- कसैले गर्भवती महिलालाई करकाप, धम्की, ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउनेलाई देहाय बमोजिमको सजाय हुन्छः-
  - बाह्र हप्तासम्मको गर्भ भए एक वर्ष कैद
  - पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्ष कैद
  - पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्ष कैद
- गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गर्नु गराउनु हुँदैन । त्यस्तो काम गर्ने गराउनेलाई तीन महिना देखि छ महिनासम्म कैद हुन्छ ।
- लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउनेलाई छ महिनादेखि दुई वर्षसम्म कैद हुन्छ ।
- केही रिसइवीले गर्भवती स्वास्नीमानिसलाई केही कुरा गर्दा गर्भ तुहिन गयो भने गर्भ तुहाउने मनसायले गरेको रहेनछ भने पनि कसुर मानी सजाय हुन्छ ।
- रिसइवीले केही गर्दा मानिस गर्भवती छ भन्ने कुरा जानी जानी थाहा पाई गरेको रहेछ भने पच्चीस हप्तासम्मको गर्भ तुहिन गएकोमा तीन महिना र पच्चीस हप्ता नाघेको गर्भ तुहिएमा छ महिना कैद हुन्छ ।
- गर्भवती छ भन्ने कुरा नजानी गरेको रहेछ भने पच्चीस हप्तासम्मको गर्भ भए पाँच सय रूपैयाँ र पच्चीस हप्ताभन्दा बढीको गर्भ भए एक हजार रूपैयाँ जरिवाना हुन्छ ।

# यौनजन्य दुर्व्यवहार



✦ **कसैले कुनै महिलाको मञ्जूरी बिना:**

- ✧ निजको सम्वेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा,
- ✧ निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा,
- ✧ निजलाई अस्वभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा,
- ✧ आफ्नो यौनसम्बन्धी अङ्ग निजलाई छुन, समाउन लगाएमा वा निजलाई अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द, संकेत प्रयोग गरेमा वा चित्र, तस्वीर देखाएमा,
- ✧ यौनका आशयले जिस्काएमा वा हैरानी दिएमा वा निजसँग यस्तै अन्य कुनै किसिमले अस्वभाविक व्यवहार गरेमा वा निजलाई करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानिनेछ ।

✦ **यौनजन्य दुर्व्यवहारमा उजुरी लाग्ने निकाय**

यौनजन्य दुर्व्यवहारको फिराद अदालतमा दिनु पर्दछ ।

✦ **हदम्याद**

घटना भएका मितिले ३५ दिनभित्र नालिस दिनु पर्दछ ।

✦ **सजाय**

यौनजन्य दुर्व्यवहारसम्बन्धी कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।

✦ **क्षतिपूर्ति**

यौनजन्य दुर्व्यवहारबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिव माफिकको क्षतिपूर्ति समेत भराई दिनु पर्ने कानुनी व्यवस्था रहेको छ ।

# विद्युतीय कारोवारसम्बन्धी कसूर



कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री वा कसै प्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदाय बीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्नु वा गर्न लगाउनु हुँदैन ।

## ✦ उजुरी लाग्ने निकाय

विद्युतीय कारोवार कसूरसम्बन्धी मुद्दाको जाहेरी प्रहरी कार्यालयमा दिनुपर्दछ । यस अन्तर्गत मुद्दाको शुरू कारवाही सूचना प्रविधि न्यायाधिकरणमा हुन्छ । तर, उक्त न्यायाधिकरण गठन नभएसम्मका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको जिल्ला अदालतमा मुद्दाको शुरू कारवाही हुन्छ ।

## ✦ हदम्याद

विद्युतीय कारोवार कसूर ठहर्ने कुनै कुरा भएकोमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले ३५ दिनभित्र उजुर गर्नुपर्दछ ।

## ✦ सजाय

- ✧ कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतीय संचार माध्यमहरूबाट सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री प्रकाशन वा प्रदर्शन गरेमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई ५ वर्षसम्म कैद वा एक लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।

## ✦ क्षतिपूर्ति

- ✧ पीडित व्यक्तिले कसुरदारबाट मनासिव माफिकको क्षतिपूर्ति समेत भराई पाउने व्यवस्था रहेको छ ।

# गाली बेइज्जती



कसैले कुनै महिलालाई अपमान गर्ने नियतले निजले देख्ने सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हावभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनियतामा दखल दिएमा गाली बेइज्जती गरेको मानिन्छ ।

### ✦ उजुरी लाग्ने निकाय

गाली बेइज्जती भएमा जिल्ला अदालतमा फिराद दिनु पर्दछ ।

### ✦ हदम्याद

यो ऐन अन्तर्गत मुद्दा चलाउनु पर्ने कारण भएमा त्यस्तो कारण परेको मितिले छ महिनाभित्र नालिस दिनुपर्दछ ।

### ✦ गाली बेइज्जती वा अपमान गरेमा हुने सजाय

कसैले कुनै आईमाईलाई अपमान गर्ने नियतले निजले देख्ने सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हावभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनियतामा दखल दिएमा एकसय रूपैयाँदेखि पाँचसय रूपैयाँसम्म जरिवाना हुनेछ र छ महिनासम्म कैदको सजाय पनि हुन सक्नेछ ।

# बोक्सीको आरोप



## ✦ बोक्सीको आरोप

- कसैले कसैलाई बोक्सो वा बोक्सीको आरोप लगाउने वा,
- त्यस्तो आरोपमा निजलाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने,
- सामाजिक वहिष्कार गर्ने वा अन्य कुनै अमानवीय वा,
- अपमानजनक व्यवहार गर्ने वा,
- यातना दिने काम गरेमा सजाय हुन्छ ।

## ✦ उजुरी गर्ने निकाय

बोक्सीको आरोपमा सम्बन्धित प्रहरी कार्यालयमा जाहेरी दिनु पर्दछ । यस अन्तर्गतको मुद्दाको सुरू कारवाही जिल्ला अदालतमा हुन्छ ।

## ✦ हदम्याद

बोक्सो वा बोक्सीको आरोप लगाएको वा सो सम्बन्धी कसुरमा भए गरेको मितिले पैंतिस दिनभित्र उजुरी दिनु पर्दछ ।

## ✦ सजाय

बोक्सा बोक्सीको आरोपमा तीन महिनादेखि दुई वर्षसम्म कैद वा पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

# सार्वजनिक अपराध



## ✦ सार्वजनिक अपराध गरेको मानिने

- सार्वजनिक स्थानमा अश्लिल बोली, बचन, इशारा प्रयोग गरी शान्ति भङ्ग गर्ने वा अश्लिल प्रदर्शन गर्ने,
- सार्वजनिक स्वास्थ्य वा स्वास्थ्य विज्ञानको लागि बाहेक अश्लिल भाषा वा अश्लिल भाव आउने शब्द वा चित्रद्वारा अश्लिल कुरा छाप्ने वा प्रकाशित गर्ने वा त्यस्तो अश्लिल प्रकाशनहरू सार्वजनिक स्थानमा प्रदर्शन वा बिक्री वितरण गर्ने, सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्ने,
- सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने,
- कसैलाई हैरानी गर्ने वा सताउने हेतुले कही बसिरहेको अवस्थामा वा बाटोघाटोमा हिँडिरहेको वा कुनै सवारीबाट गइरहेको अवस्थामा कुनै प्रकारले बाधा विरोध वा छेकथुन (घेराउ) गर्ने वा हुल हुज्जत, हातपात, कुटपिट, बिजाई वा उपद्रयाई गर्ने वा त्यस्तो व्यक्तिको साथमा भएको कुनै सम्पत्ति खोसी लिने वा नोक्सान गर्ने वा सवारीको साधनमा नोक्सान पुऱ्याउने,
- कसैलाई डर, त्रास वा दुःख दिने, अपमान वा वेइज्जत गर्ने वा हैरानी गर्ने हेतुले टेलिफोन, चिट्ठीपत्र वा अन्य कुनै साधन वा माध्यमद्वारा धम्की वा गाली दिने वा जिस्क्याउने वा अन्य कुनै अनुचित काम कुरा गर्ने ।

*(क्रमश)*

## ✦ उजुरी लाग्ने निकाय

सार्वजनिक अपराधको उजुरी सम्बन्धित प्रहरी कार्यालयमा दिनु पर्दछ । सार्वजनिक अपराध सम्बन्धी मुद्दाको सुरू कारवाही जिल्ला प्रशासन कार्यलयमा हुन्छ ।

## ✦ हदम्याद

सार्वजनिक अपराधमा भए गरेको मितिले सात दिनभित्र उजुरी गरिसक्नु पर्दछ । तर वारदात भएको सात दिन भित्र मुद्दा दायर गर्न नसकिने मनासिव माफीको कारण देखेमा मुद्दा हेर्ने अधिकारीले वारदात भएको पैतिस दिनभित्र मुद्दा दायर गर्ने गरि म्याद थप गरी दिन सक्नेछ ।

## ✦ सजाय

- ✧ कसूरको मात्रा अनुसार दश हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।
- ✧ अनुसन्धानको सिलसिलामा मनासिव कारण देखिएमा थुन्नु पर्ने कारण खोली पर्चा खडा गरी बढीमा पैंतीस दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ । यस्तो मुद्दा तीन महिनाभित्र फैसला गरिसक्नु पर्नेछ । कैदको सजाय गर्नु पर्ने देखिएमा बढीमा दुई वर्षसम्म कैद गर्नको लागि पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गरी पुनरावेदन सुन्ने अदालतबाट निर्णयमा तोके बमोजिम हुनेछ ।
- ✧ मुद्दा हेर्ने अधिकारीले पहिलो पटकको कसूरमा सजाय नगरी कसूरदारलाई अब उप्रान्त यस्तो कसूर गर्ने छैन भन्ने कागज गराई छाड्न सक्नेछ ।

## ✦ क्षतिपूर्ति

- ✧ पीडित पक्षलाई कसूरदारबाट बिगो बमोजिम क्षतिपूर्ति भराई दिन सक्ने व्यवस्था छ ।

# कार्यविधिगत केही महत्वपूर्ण व्यवस्था



## ✦ महिलासँग सम्बन्धित मुद्दालाई प्राथमिकता दिनुपर्ने

बिभिन्न कानुनहरूमा रहेका कार्यविधिगत व्यवस्थामा लैङ्गिक संबेदनशिलता अपनाउनु पर्ने बिषयलाई उल्लेखित गरेको पाईन्छ । यी व्यवस्थाले महिलाको लैङ्गिकरूपमा फरक अवस्थालाई केहि हदसम्म भए पनि सम्बोधन गर्न खोजेको देखिन्छ । मुद्दाको काम कारवाहीमा अपनाउनु पर्ने कार्यविधिगत व्यवस्था निम्न रहेको छन्ः

- ✧ स्वास्नी मानिस न्वारान गराइ पाउँ भन्ने मुद्दालाई प्राथमिकतामा राखेर सुनुवाई गर्नु पर्ने
- ✧ विधवा महिला वादी वा पुनरावेदक भएको मुद्दा

## ✦ स्वास्नी मानिसलाई पक्रँदा महिला प्रहरी पठाउनु पर्ने

- ✧ महिलालाई पक्रनु पर्दा महिला प्रहरी पठाउनु पर्ने व्यवस्था छ, साथै महिला प्रहरी नभएको अवस्थामा अड्डाले दुईजना सिपाही पठाई डाकी ल्याउनु पर्छ ।
- ✧ लोग्ने मानिसले हात हाली पक्रन हुँदैन । नआई अडिई भने मात्र नाडीमा समाई ल्याउनु पर्ने व्यवस्था छ ।

## ✦ अदालती काम कारवाहीमा स्वास्नी मानिससँग ठट्टा मस्करी गर्न नहुने

महिला केही कुराको अभियोग लागी आउँदा बेमनासिब ठट्टा मस्करीका हिसाबसँग सोधबुझ गर्न नहुने ।

## ✦ खानतलासी

महिलाको जिउको तलासी लिनु पर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्नेछ ।

## ✦ रगत, वीर्य इत्यादि जाँच गर्ने

कुनै महिलाको शारीरिक अंग जाँच गर्नु परेमा पाएसम्म कुनै महिला चिकित्सकद्वारा वा पुरूष चिकित्सकको निर्देशनमा कुनै महिलाद्वारा गराउनु पर्छ ।

## ✦ स्वास्नीमानिसको बयान गराउँदा

जबरजस्ती करणीसँग सम्बन्धित कुनै अपराधको अनुसन्धान र तहकिकातको सिलसिलामा पीडित स्वास्नी मानिसको बयान गराउँदा महिला प्रहरी कर्मचारीबाट गराउनु पर्नेछ र महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सक्नेछ ।

*(क्रमश)*

## ✦ बिषेश प्रकृतिका मुद्दाको काम कारवाहीमा गोपनियता कायम गर्नु पर्ने

- ✧ मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्न सक्ने असरको आधारमा गोपनीयता कायम गर्नुपर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचविखन, जीउ मास्ने बेच्ने, हाडनाता करणी एवम् महिला विरूद्धको हिंसालगायतका मुद्दामा पीडितको रूपमा महिला भएका फौजदारी मुद्दाहरु,
- ✧ बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिकाा पक्ष भएका फौजदारी मुद्दाहरु, एच.आई.भी./एड्सबाट प्रभावित वा संक्रमित व्यक्तिहरूसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरु ।

## ✦ बन्द इजलासको व्यवस्था र कार्यविधि बन्द इजलासको व्यवस्था

- ✧ बालबालिका, जबरजस्ती करणी, जीउ मास्ने बेच्ने, नाता कायम, सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाइ गर्नु मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाइ बन्द इजलासमा हुनेछ ।



- ✧ बन्द इजलासमा मुद्दाको कारबाही चल्दा सम्बन्धित कानून व्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुन सक्ने छन् ।
- ✧ बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडित बाहेक अरूलाई दिन हुँदैन ।
- ✧ बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाइ कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन । तर अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ ।